# कक्षा : २

## विषयसूची


| **एकाइ** | **शीर्षक** | **पृष्ठसङ्ख्या** |
|---|---|---|
| एकाइ : एक | मनहरी गाउँपालिकाको परिचय | |
| एकाइ : दुई | स्थानीय जातजाति, भाषा, वेषभूषा, चाडपर्व, मेलाजात्रा र संस्कार | |
| एकाइ : तीन | स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल | |
| एकाइ : चार | स्थानीय प्राकृतिक स्रोत, वातावरण संरक्षण, पानी र सिंचाइ | |
| एकाइ : पाँच | स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम | |
| एकाइ : छ | स्थानीय खेलकुद र भोजन | |
| एकाइ : सात | सडक सुरक्षा र प्रकोप न्यूनीकरण | |
| एकाइ : आठ | स्थानीय सेवामूलक सङ्घसंस्था र समाजसेवी व्यक्ति | |

एकाइ एक

| विषय क्षेत्र: मनहरी गाउँपालिकाको परिचय | वार्षिक पाठ्यघण्टा :२० |
|---|---|

यस एकाइमा गाउँपालिकाको भौगोलिक स्वरुपरुहरू चिनेर नाम बताउन र चार सिमानाको नाम र वडा सङ्ख्या बताउन सिकाइनेछ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) गाउँपालिकाको भौगोलिक स्वरुपरुहरू चिनेर नाम बताउन

(आ) गाउँपालिकाको चार सिमानाको नाम र वडा संख्या बताउन

(ख). विषयवस्तु

(अ गाउँपालिका क्षेत्रको भौगोलिक स्वरुपसम्बन्धी जानकारी जस्तै : अग्लो, होचो, उचाइ, टार, भिर, डाँडो, खेत, समथर आदि ।

थप्ने

मनहरी गाउँपालिका नेपालको बागमतीं प्रदेशअन्तर्गत मकावानपुर जिल्लामा पर्दछ । यस गाउँपालिकाका १९९.५२ वर्ग.कि.मी. क्षेत्रफल रहेको छ । यस गाउँपालिकाको पूर्वमा हेटौंडा उ.म.न.पा.र राक्सिराङ गाउँपालिका, पश्चिममा चितवन राष्ट्रिय निकुञ्ज, उत्तरमा राक्सिराङ गाउँपालिका र दक्षिणमा पर्सा जिल्ला पर्दछ । गाउँपालिकामा रहेको अग्निहोत्तर आश्रम, सौरहाकोरुपमा विकास हुँदै गरेको रमौली पर्तापुर, शहिद स्मृति पार्क, सिद्धकाली देविथान लागयत विभिन्न ऐतिहासिक, प्राकृतिक, धार्मिक, साँस्कृतिक एवं पुरातात्विक महत्त्वका स्थलहरू रहेको छ ।
(आ) गाउँपालिकाको वरिपरिका चार सिमानाका ठाउँहरूको नाम र गाउँपालिका भित्रका वडा सङख्याहरू र केन्द्रहरू


मनहरी गाउँपालिकाको वडा विभाजन

| कायम गरिएका वडा न. | समावेश भएका साविक गाविसहरू | समावेश भएका वडा न. | केन्द्र |
|---|---|---|---|
| १ | हाँडीखोला | १ र २ | |
| २ | हाँडीखोला | ४ | |
| ३ | हाँडीखोला | ३, ५ र ६ | |
| ४ | हाँडीखोला | ७ | |
| ५ | हाँडीखोला | ८ र ९ | |
| ६ | मनहरी | १ २ र ५ | |

| | | | |
|---|---|---|---|
| ७ | मनहरी | ३ र ६ | |
| ८ | मनहरी | ४ र ९ | |
| ९ | मनहरी | ७ र ८ | |

(ग) सम्भावित शिक्षण सिकाइ सामग्री

- गाउँपालिकाको नक्सा




- गाउँपालिकाको भौगोलिक परिचय सम्बन्धी लेख, रचना
- मैदान, समथर, खोँच बुझाउने भिडियो, दृष्य सामग्री

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

(अ) विद्यालय रहेको ठाउँ र त्यहाँबाट देखिने वरिपिीको क्षेत्र देखाइ उक्त ठाउँ सम्म, भिरालो, गहिरो खेत, जंगल कस्तो छ प्रश्नोत्तर गर्दै स्पष्ट पारिदिने ।

गाउँपालिका क्षेत्रको उचाइ, हावापानीबारे बताइदिने । जस्तैः यो गाउँपालिकाको क्षेत्र करीव ३९० मिटरको उचाइदेखि ७६० मिटरको उचाइसम्म फैलिएको छ ।
थप्ने

(आ) गाउँपालिकाको चित्र देखाई त्यसका वडा सङ्ख्याहरू, गाउँपालिकाको केन्द्र र गाउँपालिकाको चार सिमानाका ठाउँहरूको नाम बताइदिने । जस्तैः जम्मा नौ वटा वडामा विभाजन भएको छ ।

(इ) गाउँपालिकाको परिचयसम्बन्धी भिडियो वा बृत्तचित्र देखाउने वा स्थानीय जानकारसँग अन्तरक्रिया गराउने ।

**(ङ) सम्भावित सिकाइ मूल्याङ्कन(सिकाइका लागि मूल्याङ्कन)**

- फोटो देखाइ समथर, भिरालो, हिमाल, खोंच चिन्न लगाउने ।
- घर तथा विद्यालय नजिकको बाटाहरूको नाम र तिनीहरूले कहाँ जोड्छन् सोध्ने ।

**तलका प्रश्नहरू सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

• तपाइँको विद्यालय कति नम्बर वडा पर्छ ?

तपाइँ बसेको ठाउँको वरिपरिको भौगोलिक स्वरुप कस्तो छ ? तलको दिइएका मध्ये ठीक उत्तरमा रेजा चिनो लगाउनुहोस् ।

(अ) अग्लो

(आ) होचो

(इ) सम्म

(ई) भिराले

कक्षा सहभागिता, लिखित तथा मौखिक कार्य, परियोजना तथा प्रयोगातमक कार्य, अवलोकन, विद्यार्थीका कार्यको प्रदर्शन, घटनावृत्त अभिलेख, छोटा परीक्षा, स्व र सहपाठी मूल्याङ्कन, अभिभावकको प्रतिक्रिया आदिका माध्यमले विद्यार्थीहरूको मूल्याङ्कन गर्ने ।

# एकाइ २

विषय क्षेत्रः स्थानीय जातजाति, भाषा, वेशभूषा, चाडपर्व, मेलाजात्रा र संस्कार
वार्षिक पाठ्यघण्टा : २५

यस एकाइमा मनहरी गाउँपालिकाका जातजातिले बोल्ने भाषा र लगाउने वेशभूषा पहिचान गर्न र मनाइने चाडपर्वहरू र लाग्ने मेलाजात्राहरूको नाम बताउन विद्यार्थीहरूलाई सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) स्थानीय जातजातिले बोल्ने भाषा र लगाउने वेशभूषा पहिचान गरी बताउन
(आ) स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरू र लाग्ने मेलाजात्राहरूको नाम बताउन

(ख) विषयवस्तु

मनहरी गाउँपालिकामा तामाङ, चेपाङ, गुरुङ, मगर, बोटे, माझी, नेवार, दनुवार, राई, ठकुरी, ब्राम्हण, क्षेत्री, परियार, विश्वकर्मा आदि बसोबास गर्छन् । यहाँ लोपोन्मुख जाति बनकरिया पनि छन् । उनीहरूले बोल्ने भाषा र लगाउने वेशभूषाहरू फरकफरक छन् ।

मनहरी गाउँपालिकामा दशैं, तिहार, माघे सङ्क्रान्ति, ल्होसार, तिज, एकादशी, बुद्ध जयन्ती, फागु पूर्णिमा, नुवागी, आदि चाडपर्वहरू मनाइन्छन् । एकादशी मेला, फागु पूर्णिमा जात्रा, सिद्धनाथ जात्रा, धनेश्वर मेला, पञ्चकन्या जात्रा, कोटेश्वर महादेव जात्रा, चुरिया माई मेला, बुढो महादेव थान मेला, कालिका थानमा लाग्ने मेलाजात्राहरू हुन् । यी मेलाजात्राहरूमा सबैजना भेला भई रमाइलो गर्छन् ।

(ग). शिक्षण सिकाइ सामग्री

- विभिन्न स्थानीय जातजातिको सूची
- विभिन्न जातजातिको भाषा, वेशभूषा सम्बन्धी भिडियो, पम्पलेट, ब्रोसर आदि
- स्थानीय तामाङ, चेपाङ, भाषाको लिपिसम्बन्धी लेख, रचना, ब्रोसर आदि
- स्थानीय क्षेत्रमा मनाइने चाडपर्वहरू र लाग्ने मेलाजात्राहरू सम्बन्धी सम्बन्धी लेख, रचना, ब्रोसर आदि

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- स्थानीय जातजातिको नाम र उनीहरूले बोल्ने आफ्नो भाषाको चार्ट प्रस्तुत गर्ने । जस्तैः तामाङ भाषा, मगर भाषा, नेवारी/नेपाल भाषा, नेपाली भाषा आदि ।
- विभिन्न जातजातीको भाषा, वेशभूषा सम्बन्धी भिडियो प्रस्तुत गर्ने । जस्तैः तामाङ, चेपाङ, गुरुङ, मगर, बोटे, माझी, नेवार, दनुवार, राई, ठकुरी, ब्राम्हण, क्षेत्री, परियार, विश्वकर्मा आदि)

- स्थानीय कुनै घरको भ्रमण गरी उक्त घरका मानिसहरूले लगाउने परम्परागत वेशभूषाबारे जानकारी लिने सम्भव भएमा उक्त पोसाक अवलोकन समेत गर्ने । जस्तैः दौरा सुरुवाल, गुन्यु, चोलो, कछाड, टोपी, हाकु पटासी, पटुका आदि ।

- तामाङ र चेपाङ भाषामा केही आदरार्थी शब्दहरू बोल्न सिकाउने । जस्तै :स्युगो, बस्नुहोस् । : बुबा यहाँ बस्नुहोस् । तामाङ भाषामा आपा चुरि स्युगो । चेपाङ भाषामा थप्ने

- स्थानीय जातजातिहरूले मान्ने चाडपर्वहरूको सूची प्रस्तुत गर्ने । जस्तैः ल्लोसार, बुद्ध जयन्ती, माघे सङक्रान्ति, जनै पूर्णिमा, नुवागी, क्रिसमस, इद लगायत, र तिनीहरूको महत्वसम्बन्धी छलफल गर्ने ।

आफ्नो गाउँ तथा छिमेकी गाउँमा लाग्ने मेलाहरूको सूची र लाग्ने समयबारे बताइदिने । जस्तैः एकादशी मेला, फागु पूर्णिमा जात्रा, सिद्धनाथ जात्रा, धानेश्वर मेला, पञ्चकन्या जात्रा, कोटेश्वर महादेव जात्रा, चुरिया माई मेला, बुढो महादेव थान मेला, कालिका थान मेला आदि ।)

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

**तलका कियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- स्थानीय तामाङ र नेपाली भाषामा आदरार्थी शब्दहरू प्रयोग गरी साथीलाई सम्बोधन गर्न लगाउने ।

जस्तै : तपाईले खाना खानु भयो ?

राङ्से सेबा सोल्जी ?

तपाईको घर कहाँ हो ? राङ्ला धीम खानाङ ?

तपाईं कहाँ जान लाग्नुभएको ?

राङ खानाङ सेगे लास्युवा ?

घरमा को को हुनुहुन्छ ?

धिम्री खाला खाला मुस्युवाम ?

घरमा आमा, बुवा, भाइ, बहिनी, बाजे र बजै हुनुहुन्छ ।

धिम्री आपा, आमा, आले, आङा, मेमे, माम मुला ।

तपाईको नाम के हो ?

राङ्ला मीन तिल्म ?

मेरो नाम राजन हो ।

ङाला मीन राजन हिन्ना ।

हस नमस्ते म लागे है त

ल्हासो लाउ ङा निगे लाउ ।

**तलका प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- तपाइँको गाउँघरमा बसोबास गर्ने मानिसहरूले कुन कुन भाषा बोल्छन् तिनको सूची बनाउनुहोस् ।
- तपाइँको गाउँघरमा मान्ने चाडपर्वहरूको सूची बनाउनुहोस् ।
- तपाइँको गाउँघरमा मान्ने चाडपर्वहरू मध्ये कुनै एक चाडपर्वमा गरिने क्रियाकलापहरूबारे लेख्नुहोस् ।

एकाइ ३

| |
|---|
| विषय क्षेत्र: स्थानीय धार्मिक, ऐतिहासिक र पर्यटकीय स्थल |
| वार्षिक कार्यघण्टा : २० |

यस एकाइमा गाउँपालिका भित्रका ऐतिहासिक, धार्मिक र पर्यटकीय स्थलहरूको जानकारी विद्यार्थीहरूलाई दिनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) गाउँपालिका भित्रका ऐतिहासिक तथा धार्मिक स्थलहरूको नाम बताउन र कुनै दुईओटाको छोटो परिचयसहित महत्त्व बताउन

(आ) गाउँपालिका भित्रका पर्यटकीय स्थलहरूको नाम र कुनै दुईओटाको छोटो परिचय दिन

(ख) विषयवस्तु

मनहरी गाउँपालिकामा ऐतिहासिक तथा धार्मिक स्थलहरू चुरियामाई, कालिका मन्दिर, सिद्धेश्वर, पञ्चकन्या मन्दिर, बुढो महादेव थान, मनकामना मन्दिर, ध्यान केन्द्र, अग्नि होम आश्रम, केदारेश्वर महादेव, मगर गुठी, रत्नलिङ गुम्बा, पेमालिङ गुम्बा, टासी छोइलिङ गुम्बालगायतका विभिन्न गुम्बा तथा स्थानीय चर्चहरू, मस्जिद आदि छन् ।
यसैगरी यो गाउँपालिकामा पर्यटकीय स्थलहरू मोरङ्गे ताल, गणेश धारा, मनहरी पिस पार्क, रानी पोखरी, देवकोटा भ्यू टावर, रमौली पर्तापुर, ट्रि हाउस, शहिद स्मृति पार्क भिमान,

गोगनपानी भ्यू टावर,  विक्रम पर्ता जडीबुटी उद्यान, चिसापानी पिकनिक स्पोर्ट, चिसापनी गोही संरक्षण क्षेत्र, ढाक्रे ढुङ्गा छन् ।

)

(ग). शिक्षण सिकाइ सामग्री

- स्थानीय धार्मिक, साँस्कृतिक, ऐतिहासिक ठाउँहरूको फोटो, त्यससम्बन्धी ब्रोसर
- श्रव्यदृष्य सामग्रीहरू, भिडियो, डकुमेन्ट्री आदि ।
- स्थानीय पर्यटकीय ठाउँहरूको फोटो, त्यससम्बन्धी ब्रोसर
- स्थानीय  संस्कृतिविद् तथा इतिहासविद्

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

गाउँपालिका क्षेत्रभित्र भएका मठमन्दिर, गुम्बा, चर्च, मानेको फोटो देखाइ तिनीहरू नाम भन्न लगाउने र त्यसको के महत्व छ भन्ने बारेमा छलफल गर्ने । जस्तैः आदि ।

- चुरीयामाई, कालिका मन्दिर, र रत्नलिङत गुम्बा, फोटो सहित परिचय दिने वा सम्भव भएका उक्त ठाउँहरूको अवलोकन भ्रमण गराई तिनीहरूको परिचय र महत्वबारे वर्णन गर्ने ।
- विद्यालय नजिकको कुनै एक मठमन्दिर, गुम्बा, चर्च, पाटीपौवा वा पर्यटकीय क्षेत्रका अवलोकन भ्रमण गराई महत्त्वसहित परिचय दिने ।
- स्थानीय पर्यटकीय क्षेत्रहरूको नाम र चित्र सङ्कलन गरी  प्रदर्शन गर्ने, ठाउँ चिनाइदिने र त्यसको स्थानीय स्तरमा के महत्व छ, स्थानीय समुदायले कसरी उपयोग गरिरहेको छ भन्ने बारेमा छलफल गरी निष्कर्ष दिने । जस्तैः मोरङ्गे ताल, गणेश धारा, मनहरी पिस पार्क, रानी पोखरी, देवकोटा भ्यू टावर, रमौली पर्तापुर, ट्रि हाउस, शहिद स्मृति पार्क भिमान, गोगनपानी भ्यू टावर,  विक्रम पर्ता जडीबुटी उद्यान, चिसापानी पिकनिक स्पोर्ट, चिसापनी गोही संरक्षण क्षेत्र, ढाक्रे ढुङ्गा आदि ।
- मोरङ्गे ताल, गणेश धारा, मनहरी पिस पार्कको फोटोसहित वा प्रत्यक्ष देखाई परिचय दिने ।
- विद्यालय नजिकको कुनै पर्यटकीय ठाउँको अवलोकन भ्रमण गराई त्यसको महत्त्वसहित छोटो परिचय दिने ।

  जस्तै : मनहरी पिस पार्क

  (अ) निर्माण स्थल :

  (आ) निर्माण भएको वर्ष :

  (इ) बस्ने ठाउँ :

  (इ) खानेपानी सुविधा :

  (उ) शौचालय :

(उः) अन्य

### (ङ) सम्भावित सिकाइ मूल्याङ्कन

तलका प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- तपाइँको घर वरपर रहेको मन्दिर तथा धार्मिक स्थलको नाम र महत्व लेख्नुहोस् ।
- विद्यालय नजिकको कुनै एक धार्मिक वा एतिहासिक स्थलको अवलोकन गरी छोटो परिचय दिनुहोस् ।

जस्तै : चुरियामाई, कालिका मन्दिर, र रत्नलिङ गुम्बा

(अ) स्थल रहेको वडा नं :

(आ) वरिपरि रहेका वस्तु :

(इ) खानेपानी सुविधा :

(ई) शौचालय :

## एकाइ ४

| |
|---|
| विषय क्षेत्रः स्थानीय प्राकृतिक स्रोत, वातावरण संरक्षण, पानी र सिँचाइ |
| वार्षिक कार्यघण्टा : २५ |

यस एकाइमा स्थानीय ठाउँमा पाइने बोटविरुवाहरुको नाम बताउन, वर्गीकरण गर्न, घरपालुवा जनावरहरू चिन्न, तिनको परिचय दिन, स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम र उपयोगसम्बन्धी विषयवस्तुको जानकारी गराउनुपर्छ ।

### (क) कक्षागत सिकाइ उपलब्धि

(अ) स्थानीय ठाउँमा पाइने बोटविरुवाहरुको नाम बताउन र वर्गीकरण गर्न

(आ) स्थानीय स्तरमा पालिने घरपालुवा जनावरहरू चिन्न र परिचय दिन

(इ) स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम र उपयोग बताउन

### (ख) विषयवस्तु

- स्थानीय ठाउँमा पाइने बोटविरुवाहरु र तिनीहरुको वर्गीकरण

- स्थानीयस्तरमा पालिने घरपालुवा जनावरहरू र तिनीहरुको परिचय -परेवा, हाँस, कुखुरा, टर्की, कुकुर, गाई, भैंसी, गोरु, बाखा, आदि)
- स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरुको नाम र तिनीहरुको उपयोग (मनहरी खोला, ठाडो खोला, चौरा खोला, राप्ति खोला, बाहुन्ने खोला, मोरोङगे ताल, लोथर, गोगनपानी, ज्यामिरे, कुवा, इनार, डिप बोरिङ्ग, धारा)

(ग). शिक्षण सिकाइ सामग्री

- विभिन्न प्रकारका बोटविरुवा हरुको नक्सा, चित्र
- स्थानीय क्षेत्रमा पाईने घरपालुवा र वन्यजन्तुहरु को परिचय सहित फोटो, सूची
- पानीका विभिन्न स्रोतहरुको चित्र, फोटो र महत्व,उपयोग सम्बन्धी चार्ट
- श्रव्यदृष्य सामग्रीहरु

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- स्थानीय ठाउँमा पाईने विभिन्न बोटविरुवाहरूको सूची बनाई तिनीहरूलाई उपयोगका आधारमा विभिन्न प्रकारमा वर्गीकरण गरी चित्र सहित प्रस्तुत गर्ने । जस्तैः धान, मक, गहुँः अन्नबाली, काफल, सुन्तलाः फलफूल, रायो, फर्सी, भिन्डी तरकारी, सखरखण्ड तरुल, तोरीः तेल निकाल्ने बाली आदि ।
- विद्यालयको वरिपरि स्थलगत अध्ययन गराई त्यहाँ उपलब्ध विरुवाहरू देखाउने र तिनीहरूको वर्गीकरण गरी चिन्न लगाउने ।
- विद्यालय नजिकैको कुनै घर वा कृषि फर्ममा लगेर त्यहाँ भएका जीव जनावर तथा चराचुरुङ्गीहरू वा फोटो देखाई तिनीहरू चिन्न लगाउने र उक्त जिव जनावरहरूबाट हामीलाई के फाइदा हुन्छ, हामीले के पाउँछौं भन्ने कुरा बताईदिने । जस्तैः कुखुराबाट अण्डा, मासु, गाईबाट मल तथा दुध, गोरु जेत्नको लागि राँगाबाट मासु र खेत जोत्न आदि ।
- विद्यार्थीहरूलाई आफ्नो घर वा वरपर पालेका जनावरहरूको सूची बनाउन लगाई तिनीहरूबाट हामीले के के पाउँछौ प्रस्तुत गर्न लगाउने ।
- स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको सूची बनाई प्रस्तुत गर्ने ।
- विद्यालय तथा वरिपिको क्षेत्रमा भएका बिभिन्न पानीका स्रोतहरूको अवलोकन भ्रमण गराइ तिनीहरूको उपयोगबारे प्रस्तुत गर्ने । जस्तैः खोलाबाट खेतबारीमा सिँचाइ गरिन्छ, बिजुली निकालिन्छ, धाराको पानी हामी दैनिक क्रियाकलापमा उपयोग गर्छौं, आदि ।
- हाम्रो दैनिक जीवनमा पानीको उपयोग र महत्वबारेमा सूची बनाइ प्रस्तुत गर्ने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

तलका कियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- आफ्नो विद्यालय र टोलमा पाइने बोटविरुवाहरूको नाम भन्न लगाउने र तिनीहरूको वर्गीकरण गर्न लगाउने ।
- चित्र देखाई विभिन्न विरुवाहरू चिन्न लगाउने ।
- आफ्नो घर वा नजिकको घरमा पालिएका जीव जनावरहरूको नाम लेख्न लगाउने ।
- विभिन्न जनावरहरूका फोटो देखाइ तिनीहरूको उपयोगिताबारे सोध्ने ।
- कुनै एक पक्षी र एक जनावरको फाइदाहरूबारे सोध्ने ।
- कुनै एक घरपालुवा जनावरको चित्र बनाई प्रस्तुत गर्न लगाउने ।
- स्थानीय क्षेत्रमा भएका पानीका स्रोतहरूको सूची बनाई उपयोग कहाँ के मा भईरहेको छ भन्न वा लेख्न लगाउने ।
- फोटोहरू मार्फत बहुबैकल्पिक प्रश्नहरू गर्ने ।

एकाइ ५

| विषय क्षेत्रः स्थानीय पेसा, व्यवसाय, प्रविधि र उद्यम वार्षिक कार्यघण्टा : २५ |
|---|

यस एकाइमा ................सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

- स्थानीय कृषि उत्पादन-अन्नबाली, फलफूल, पशुपालन, माछापालन, तरकारी खेती, जडीबुटी खेतीको सूची बनाउन र परिचय दिन
- स्थानीय क्षेत्रमा कृषि र पशुपालन कार्यमा उपयोग हुने परम्परागत सामग्रीहरूको परिचय

(ख) विषयवस्तु

- स्थानीय स्तरमा उत्पादित कृषिजन्य वस्तुहरूको सूची बनाइ फोटो सहित सूची प्रस्तुत गर्ने । जस्तैः साग, बन्दा, मुला, गाजर, धान, मकै, दुध, मासु, फूलहरू आदि ।
- कृषिजन्य वस्तुहरूको उत्पादनका आधारमा वर्गीकरण गर्न सिकाउने वा कुन वस्तु
- कहाँबाट उत्पादन हुन्छ भन्ने कुरा बताईदिने । जस्तैः धान, चामल, मकैः अन्नबाली, मुसुरोः दालबाली, साग, भण्टा, सिमी, बोडीः तरकारी, दुध, माछामासुः पशुपालन, सुन्तला भोगटेः फलफूल, सयपत्री, : फूल, सुर्यमुखी, तोरीः तेल आदि ।
- विद्यालय नजिकको बजार वा कृषि उत्पादन केन्द्रको अवलोकन भ्रमण गराइ त्यहाँ उत्पादित वस्तुहरूको वर्गीकरण गर्न सिकाउन ।
- पशुपालन गर्दा आवश्यक पर्ने विभिन्न सामग्रीहरूको फोटो वा चित्र प्रस्तुत गर्ने । जस्तैः हँसिया, खुकुरी, डोरी, दाम्लो, नाम्लो, दुध दुहुने बाल्टी, मोहि पार्ने ठेकी आदि ।
- स्थानीय पशुपालन फर्म वा पशुपालककोमा लगेर प्रतक्ष्य सामग्रीहरू देखाउने ।

(ग). शिक्षण सिकाइ सामग्री

- स्थानीय क्षेत्रमा उत्पादन हुने बालीहरूको सूची, फोटो, चित्र
- पशुपालनमा उपयोग हुने विभिन्न सामग्रीहरूको चित्र

श्रव्यदृष्य सामग्री

## (घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- स्थानीयस्तरमा उत्पादित कृषिजन्य वस्तुहरू ल्याइ प्रदर्शन गर्ने वा फोटोहरू देखाउने । जस्तैः सागसब्जी, फलफूल धान, मकै, आदि ।
- विद्यालय परिसर वा नजिकको तरकारी खेती वा अन्य कुनै खेती भएको क्षेत्रमा अवलोकन भ्रमण गराइ त्यहाँ उत्पादन हुने वस्तुहरूको नाम सहित चिनाईदिने ।
- स्थानीय ठाउँमा मानिसहरूले परावूर्व कालदेखि कृषि कार्यमा उपयोग गर्दै आएका विभिन्न घरायसीसामग्रीहरूको चित्र प्रस्तुत गर्ने र चिनाइदिने । (हलो, जुवा, कोदालो, कुटो, हँसिया, डोको, नाम्लो, मान्द्रो, भकारी आदि) उक्त औजारहरूको उपयोगबारे चित्र सहित बताइदिने ।




## (ङ) सम्भावित सिकाइ मूल्याङ्कन



तलका प्रश्नहरू सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

(अ) तपाइँको गाउँघर तथा वस्ती वरिपरि उत्पादन हुने कृषि उत्पादनहरूको सूची बनाउनुहोस् ।

(आ) कृषि उपजहरूको वर्गीकरण गर्नुहोस् :

रायोको साग, मकै, नासपाती, आलु, गहुँ, कागती, धान, काउली, कटहर, मेवा, गोलभैँडाको चित्र

- गाईपालन गर्दा चाहिने कुनै  एउटा सामानको चित्र बनाई आफूलाई मनपर्ने रङ लगाउनुहोस् ।
- तपाइँको घरमा पहिलेदेखि प्रयोग भएका सामग्रीहरूको सूची तयार गर्नुहोस् ।

एकाइ ६

| |
|---|
| विषय क्षेत्र:  स्थानीय खेलकुद र भोजन<br>वार्षिक कार्यघण्टा : २० |

यस एकाइमा .................सिकाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

- स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय दिन र अभ्यास गर्न
- स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको नाम बताउन र सामान्य परिचय दिन

(ख) विषयवस्तु

- स्थानीय स्तरमा खेलिने खेलहरूको परिचय (रुमाल लुकाई छोटो दौड), खेल्ने तरिकाको वर्णन र खेल अभ्यास
- स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको नाम र सामान्य परिचय (ढिँडो, दालभात, रोटी, मकै, भटमास, सागपात, तरुल, माछामासु आदि)

(ग). शिक्षण सिकाइ सामग्री

स्थानीय

क्षेत्रमा खेलिने विभिन्न खेलहरूको  सूची, ब्रोसर, फोटो

- खेल खेल्ने तरिकाबारे जानकारी चार्ट वा श्रव्यदृष्य सामग्री
- स्थानीय क्षेत्रमा खाइने खानाहरूको सूची, पोस्टर, ब्रोसर, लेख आदि

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

• स्थानीय क्षेत्रमा खेलिने विभिन्न खेलहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः रुमाल लुकाइ, छोटो दौड, कवड्डी, चुङ्गी, डण्डीवियो, गट्टी, बाघचाल, भालेजुधाइ, डण्डीवियो आदि ।





•





**डण्डीबियो**

यो आउटडोर खेल हो ।  यसमा दुईदेखि छ जनासम्म खेलाडी हुन्छन् । यसका लागि डन्डी, बियो, चौर र सानो बियो अड्याउने खाल्डो आवश्यक पर्छ । खेल समाप्त नहुञ्जेलसम्म यो खेल खेलिन्छ ।

**आवश्यक सामग्री**

- डन्डी (दुई फीट लामो गोलाकारको लठ्ठी)
- बियो (८ इन्चको दुवैतिर हल्का तासिएको गोलाकारको काठको सानो लठ्ठी ।
- चौरमा बियो अड्याउने सानो खाल्डो( चित्रमा दिइएजस्तै )

**खेल्ने तरिका**

परम्परागत रूपमा यो खेलमा सहभागी खेलाडीहरू पालैपालो खेल्छन् । सुरुमा टीमका खेलाडीले बियो तेर्सो राखेर खाल्डोमा डन्डीले माथि फाल्छन् । डन्डी बियो खेल्न सुरुमा बियोलाई जमिनमा बनाइएको करिब चार इन्च लामो र दुई इन्च गहिरो खाल्टो (खोपी)मा तेर्सो पारेर राखिन्छ । डन्डी बियोमा खेलाडी सङ्ख्या तथा खेल मैदानको आकार निर्धारण गरिएको हुँदैन । यसरी खेल्दा खोपीदेखि बियोको अन्तिम स्थानको दुरी नाप्न आठ एकाइ भएको गणना प्रयोग गरिन्छ । एको, दुबो, तिबो, झारो, भाँचो, छैमल, सिठी, पिरे भन्दै १ पिरेसम्म गणना हुन्छ । एक पिरे पुगेपछि आफ्नो अङ्क गणना सम्झिनको लागि एउटा ढुङ्गा राख्ने गरिन्छ ।

**नयाँ नियम**

नयाँ नियमअनुसार यो खेलमा दुई समूहहरू हुन्छन् । ती दुई समूहमध्ये कुन समूहले डन्डी समूह रोज्ने र कुन समूहले बियो समूह रोज्ने भन्ने निर्धारण दुवै समूहका कप्तानहरूको रोहबरमा अम्पाएरले गर्छ । दुवै पक्षका कप्तानको उपस्थितिमा सिक्का उफारी जुन पक्षले टस जित्छ, त्यो पक्षले "डन्डी समूह" अथवा "बियो समूह" रोज्न पाउँछ । दुवै समूहमा विजोर सङ्ख्या रहने गरी ७/७ जनाको दरले विभाजित हुनुपर्छ । दुवै समूहमा २/२ जनाको दरले अतिरिक्त खेलाडी रहन्छन् । स्थानको कमी भएको क्षेत्रमा अन्तिम आर्क हटाई अन्तिमभन्दा अघिल्लो आर्कबराबरको मैदान कायम गरी ५/५ जनाको दरले खेल खेलाउन सकिन्छ ।

**जित हारको निर्णय**

खेलको अन्त्यमा डन्डी वा बियो जुन समूहले बढी अङ्क प्राप्त गर्छ त्यही समूह खेलको विजयी हुन्छ । यदि दुवै समूहको अङक बराबर भएमा दुवै थरीलाई थप तीन पटक हुत्याउने र खेल्ने मौका दिई अङ्कको आधारमा हारजित छुट्याउनुपर्छ । यदि फेरि पनि बराबर भएमा टस गरेर हारजित छुट्याउनुपर्छ ।

- यसैगरी विद्यार्थीहरूलाई स्थानीय खेलहरूको परिचय, खेल्ने तरिकाबारे जानकारी गराई खेल अभ्यास गराउने ।
- स्थानीय क्षेत्रमा खाइने खानाहरूका परिकारहरूको सूची बनाई प्रस्तुत गर्ने । जस्तैः ढिँडो, दालभात, रोटी, मकै, भटमास, सागपात, माछामासु आदि ।
- ढिँडो, दालभात, रोटी, मकै, भटमास, सागपात, माछामासु आदि खानाहरूको परिचय दिने । जस्तैः ढिँडो के बाट बनाइन्छ, कसरी बनाइन्छ, भन्नेबारेमा बताउने, कुनै भिडियो भए देखाउने वा ढिँडो पकाएको प्रत्यक्ष देखाउने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

- रुमाल लुकाइ र छोटो दौड खेल्ने तरिकाबारे वर्णन गर्न लगाउने र खेलको अभ्यास गराई उनीहरूको मूल्याङ्कन गर्ने ।

**तलका प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- आफ्नो विद्यालय तथा गाउँघरमा खेलिने खेलहरूको सूची बनाउनुहोस् ।
- घरमा बाआमालाई सोधी स्थानीय परम्परागत खानाहरूको सूची बनाउनुहोस् ।
- भटमासको कुन कुन परिकार बनाएर खान सकिन्छ ? भन्नुहोस् ।
- भात पकाउन आवश्यक सामानाहरूको सूची बनाउनुहोस् ।

एकाइ ७

विषय क्षेत्र : सडक सुरक्षा र प्रकोप न्यूनीकरण

वार्षिक कार्यघण्टा : १०

यो एकाइमा प्राकृतिक तथा मानवीय कारणबाट आउन सक्ने विपत्हरूको परिचय जस्तैः हावाहुरी, आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भूकम्प लगायतको असरहरूको जानकारी गराउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

प्राकृतिक प्रकोप र मानवीय कारणले आउनसक्ने विपत्हरूको पहिचान गरी नाम बताउन

(ख) विषयवस्तु

स्थानीय क्षेत्रमा प्राकृतिक तथा मानवीय कारणबाट आउन सक्ने विपत्हरूको परिचय

जस्तैः हावाहुरी, आगलागी, सडक दुर्घटना, बाढी, पहिरो, भूकम्प लगायतको असरहरू

**आगलागीका कारण**

क) बालबालिकाले भेट्ने ठाउँमा सलाई, लाइटर राख्नु

ख) समय - समयमा विद्युतीय सामग्रीको अवस्था जाँच नगर्नु

ग) अति प्रज्वलन पदार्थलाई आगोबाट टाढा नराख्नु

घ) काम सकिएपछि ग्यास सिलिन्डर बन्द नगर्नु, दादि ।

**सवारी दुर्घटनाका कारणहरू**

- सडकमा पूर्वाधारको अभाव हुनु
- सडकको संरचना कमजोर हुनु
- सवारी साधनको अवस्था कमजोर हुनु
- सवारी चालकको लापरवाही
- सडक प्रयोगकर्ताको लापरवाही
- ट्राफिकसम्बन्धी नियम कानुनको पालना नगर्नु ।

बाटो काट्ने बटुवा, जनावरहरू र सवारी साधनमा यात्रा गर्ने यात्रु पनि दुर्घटनाको कारण बन्न पुगेका छन् ।

स्थानीय तहको सडकको संरचना एकदमै धराप हुनु, अधिकांश सडक उकालो ओरालो, साँघुरो घुम्ती, खाल्डाखुल्डी र साँघुरा हुनु आदि ।

(ग). शिक्षण सिकाइ सामग्री

- प्रकोप, विपद तथा दुर्घटना सम्बन्धी फोटो, चित्रहरू
- प्रकोप विपद्सँग श्रव्य दृक्ष्य सामग्री

(घ) सम्भावित सिकाइ सहजीकरण प्रक्रिया

- विद्यालय नजिकको खोला तथा सडकहरूको भ्रमण गराइ त्यहाँ देखिएका प्रकोपहरूको सूची बनाउन लगाइ प्रस्तुत गर्ने । जस्तैः खोला किनारमा बाढी, पहिरो, सडक छेउमा पहिरो, वनका आगलागी, भूकम्पले भत्काएका संरचना, सडक भत्केको, हावाहुरीले छानोहरू बिगारेको आदि ।

- विभिन्न प्रकारका प्रकोपजन्य फोटोहरू देखाइ त्यसको असर र कारणबारे बताइदिने । जस्तै :



प्रकोप सम्बन्धी भिडियो र त्यसबाट सुरक्षित रहने उपायहरू सिकाउने ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

तलका क्रियाकलाप गराई विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :

- आफ्नो घर टोलको वरिपरि भएका प्रकोपहरूको सूची बनाउनुहोस् ।

- तलका प्रकोपहरूको पहिचान गर्नुहोस् ।







• पहिरो जान सक्ने कारणबारे प्रश्नोत्तर गर्ने ।

एकाइ ८

विषय क्षेत्र : स्थानीय सेवामूलक सङ्घसंस्था र समाजसेवी व्यक्ति

वार्षिक कार्यघण्टा : १०

यस एकाइमा गाउँपालिका भित्र भएका विभिन्न सेवामूलक सङ्घसस्थाहरूको नाम बताउन ती संस्थाले गर्ने कामको परिचय दिन सक्षम बनाउनुपर्छ ।

(क) कक्षागत सिकाइ उपलब्धि

(अ) गाउँपालिका भित्र भएका विभिन्न सेवामूलक सङ्घसस्थाहरूको नाम बताउन

(आ) संस्थाले गर्ने कामको परिचय दिन

(ख) विषयवस्तु

गाउँपालिका भित्र भएका विभिन्न सेवामूलक सङ्घसस्थाहरूको सूची र परिचय(विद्यालय, आमा समूह, प्रहरी चौकी, स्वास्थ्य चौकी

(ग). शिक्षण सिकाइ सामग्री

- गाउँपालिका भित्र भएका सेवामूलक संस्थाहरूको सूची, चित्र, फोटो, चार्ट, ब्रोसर, पम्प्लेट
- स्थानीय क्लव, आमा समूह, स्वास्थ्य चौकीले दिन सेवा वा गर्ने कार्यहरूको सूची

(घ) सम्भावित सिकाइ सहजीकरण प्रकिया

- स्थानीय क्षेत्रमा विभिन्न सेवामूलक सङ्घसंस्थाहरूको सूची बनाई चित्रसहित प्रस्तुत गर्ने । जस्तैः विद्यालय, स्वास्थ्य चौकी, प्रहरी चौकी, आमा समूह, सहकारी संस्था आदि ।

- स्वास्थ्य चौकी, स्थानीय युवा क्लव तथा स्थानीय आमा समूह वा महिला समूहले समाजमा गर्ने वा गरेका राम्रा कार्यहरूको खोजी गरी प्रस्तुत गर्ने । जस्तैः स्वास्थ्य चौकीले हामीलाई स्वास्थ्य सेवा दिन्छ । स्थानीय युवा क्लवले खेलकुद प्रतियोगिताको आयोजना गर्छ । महिला समूहले गाउँमा रक्सी खाने, जुवातास खेल्ने कार्य रोक्न मद्दत गर्छ । विद्यालयमा हामी पढछौँ र खेल्छौँ, आदि ।

(ङ) सम्भावित सिकाइ मूल्याङ्कन

**तलका प्रश्न सोधी विद्यार्थीको मूल्याङ्कन गर्नुहोस् :**

- आफ्नो घर तथा विद्यालय नजिक भएका सेवामूलक संस्थाहरूको नामको सूची बनाउनुहोस् ।
  - स्थानीय आमा समूह र स्वास्थ्य चौकीबाट हामीले के के सुविधा पाउँछौ, लेख्नुहोस् ।
  - विद्यालयबाट हामीले के के सुविधाहरू पाउँछौं ? लेख्नुहोस् ।